# हेलम्बु गाउँपालिका

# हेलम्बु राजपत्र

खण्डः ७ संख्याः ८ मिति :२०८१/०४/१५

## भाग — ३

## “हेलम्बु गाउँपालिकाको कृषि तथा पशु सेवा केन्द्र स्थापना तथा संचालन कार्यविधि, २०८०"

# कृषि तथा पशु सेवा केन्द्र स्थापना तथा संचालन कार्यविधि, २०८०

## प्रस्तावना

संविधानतः राज्यशक्तिको बाँडफाँड भई स्थानीय तहले प्रप्त गरेको अधिकार एवं स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान बमोजिम कृषि तथा पशुपालन, कृषि उत्पादनको व्यवस्थापन, पशु स्वास्थ, सहकारी, कृषि सडक, साना सिँचाई लगायत कृषि प्रसार कार्यक्रमको संचालन व्यवस्थापन र सोको नियमन सम्बन्धी अधिकार र जिम्मेवारी स्थानीय सरकारमा निहित रहेको छ। यसैगरी कृषि प्रसार सेवामा संस्थागत बहुलतालाई अंगीकार गर्दै स्थानीयस्तरमा कृषिजन्य सेवाहरुको विस्तारमा सहजिकरण गर्ने र कृषकहरुलाई प्रभावकारी कृषि प्रसार सेवा उपलब्ध गराउने उद्देश्यका साथ नेपाल सरकारबाट स्वीकृत भएको कृषि विकास रणनिति २०७२ ले सामुदायिक कृषि प्रसार सेवा केन्द्रहरु स्थापना गर्ने लक्ष्य लिएको छ। नेपालको संविधानले निर्देशित गरे बमोजिम विद्यमान संरचनागत, नीतिगत एवम् कानूनी व्यवस्था समेतलाई मध्यनजर गर्दै यस हेलम्बु गाउँपालिकाको कुनै निश्चित वडा तहमा रहने गरी कृषि प्रसार सेवा प्रवाह संयन्त्रको स्थापना गरी सोको संचालन, व्यवस्थापन र नियमन सम्बन्धमा मार्ग निर्देशन गर्न वान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को खण्ड "ण" (१ र २) र "द" (१) ले दिएको अधिकार प्रयोग गरी **"कृषि तथा पशु सेवा केन्द्र स्थापना तथा संचालन कार्यविधि, २०८०"** जारी गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम हेलम्बु गाउँपालिकाको "कृषि तथा पशु सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" सम्झनु पर्दछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "**कार्यविधि**" भन्नाले हेलम्बु गाउँपालिकाको कृषि तथा पशु सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि २०८० सम्झनु पर्दछ।

(ख) "**गाउँपालिका**" भन्नाले हेलम्बु गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) "**वडा**" भन्नाले हेलम्बु गाउँपालिका अन्तर्गतको वडालाई सम्झनु पर्दछ।

(घ) "**केन्द्र**" भन्नाले कृषि तथा पशु सेवा केन्द्र सम्झनु पर्दछ।

(ङ) "**मन्त्रालय**" भन्नाले कृषि तथा पशुपंन्छी विकास मन्त्रालय सम्झनु पर्दछ।

(च) "**प्रादेशिक मन्त्रालय**" भन्नाले बागमती प्रदेशको कृषि हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(छ) "**कृषक**" भन्नाले सम्बन्धित गाउँपालिका भित्र कृषि, पशुपंन्छी र माछा उत्पादनमा संलग्न नागरिक वा घरपरिवार भन्ने सम्झनु पर्दछ।

(ज) "**कृषि**" भन्नाले जीवन धान्न र विकास/बृद्धिका लागि आवश्यक खाना, रेशा, जैविक उर्जा, जडिबुटी र अन्य वस्तु उत्पादन गर्न प्रयोग गरिने विरुवा, पशुपन्छी (माछा समेत) र ढुसी (च्याउ जात) को खेति वा पालन र प्रजनन् सम्बन्धी कार्य भन्ने बुझाँउछ।

(झ) "**निजी क्षेत्र**" भन्नाले कानुन बमोजिम दर्ता भई पालिका स्तरमा कृषि कर्म, कृषि प्रविधि एवं कृषि प्रसारमा संलग्न निजी फर्म, कम्पनि, एग्रोभेट, पाराभेट, स्थानीय कृषि स्रोत व्यक्ति आदिलाई सम्झनु पर्दछ।

(ञ) "**सामुदायिक क्षेत्र**" भन्नाले कानुन बमोजिम दर्ता भई कृषिकर्म एवं कृषि प्रसारमा संलग्न कृषक समुह, कृषि सहकारी, कृषि सामाग्री एवं उत्पादन संकलन तथा वितरण केन्द्र, कृषि एवं पशुपंन्छी सम्बन्धी सिकाइ/अध्ययन वा तालिम केन्द्र आदिलाई सम्झनु पर्दछ।

(ट) "**सेवा प्रदायक**" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भइ अनुसूचि २ मा उल्लेखित भए बमोजिमका कृषि सेवा प्रवाह गर्ने सेवा प्रदायक कृषक/स्रोत व्यक्ति, कृषक समुह, सहकारी, कृषि उपज वजार संचालक/व्यबस्थापन समिति, कम्पनी तथा संघ संस्था समेत सम्झनु पर्दछ।

**३.** <u>**उद्देश्यः**</u> यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः-

(क) हेलम्बु गाउँपालिका भित्र कृषक एवं बहुल सेवा प्रदायकको सहभागितामा कृषि तथा पशु सेवा केन्द्र मार्फत दिगो कृषि प्रसार सेवा विस्तार गर्ने आधार तयार गर्ने।

(ख) यस गाउँपालिका भित्रका कुनै निश्चित वडामा कृषि तथा पशु सेवा केन्द्रको स्थापना एवं संचालन सम्बन्धी प्रकृयालाई मार्गनिर्देशन गर्ने।

(ग) केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धमा गाउँपालिकाको कृषि तथा पशु विकास शाखालाई भुमिका निर्धारण गर्ने।

(घ) सेवा केन्द्रको स्थापना तथा यसको प्रभावकारी सञ्चालन सम्बन्धमा संघ र प्रदेश सरकार तथा अन्य विकास साझेदारको भुमिका पहिचान गर्ने।

## परिच्छेद-२

## सेवा केन्द्रको स्थापना तथा सञ्चालन प्रक्रिया

**४. केन्द्रको स्थापना गरिनेः** कृषि तथा पशु सेवा केन्द्रको स्थापना देहाय बमोजिम हुनेछ;

(१) हेलम्बु गाउँपालिकाले कृषकको जनसंख्या, कृषि तथा पशु विकासको सम्भावना कृषि उत्पादन पकेट क्षेत्र/कृषि वाली वस्तुको उत्पादन क्लष्टर वा कृषि मूल्य श्रृंखला अवस्थिति र कृषि प्रसार सेवामा कृषकको पहुँचको आधारमा सेवाको आवश्यकता पहिचान गरी गाउँपालिका भित्रमा कम्तिमा एक वा सो भन्दा बढी कृषि तथा पशु शाखामा प्राविधिक जनशक्तिको आधारमा कृषि तथा पशु सेवा केन्द्रको स्थापना गर्नका लागि सहजिकरण गर्नेछ।

२) कृषि तथा पशु सेवा केन्द्र सञ्चालनका लागि गाउँपालिकाले वडा तहमा रहेका सामुदायिक भवन, कोठा वा कार्यालय, सहकारीको भवन वा सार्वजानिक स्थान उपलब्ध गराउन सक्नेछ।

३) गाउँपालिकाको अग्रसरतामा केन्द्रको स्थापना हुनेछ।

४) गाउँपालिकाले केन्द्रको स्थापना तथा संचालनका लागि संघ र प्रदेश मध्ये कुनै एक वा दुवैको र अन्य विकास साझेदारहरुको समेत सहयोग लिन सक्नेछ।

५) सेवा केन्द्रको सञ्चालन तथा व्यबस्थापन केन्द्रको स्वीकृत विधान बमोजिम हुनेछ। अनुसूचि १ र २ बमोजिम सूचिकृत भएका कृषक र सेवा प्रदायकहरु उपस्थित भएको साधारण भेलाले सर्वसम्मत वा सो नभए कार्यपालिकाको बहुमतको निर्णयबाट केन्द्रको विधान स्वीकृत हुनेछ।

६) केन्द्रको विधान यस पालिकाको कानून र यस कार्यविधिसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**५. केन्द्रले उपलब्ध गराउने सेवाहरुः**

(१) केन्द्रले सामुदायिक कृषि प्रसार सेवा र व्यावसायिक कृषि प्रसार सेवा गरी दुई प्रकृतिका सेवाहरु उपलब्ध गराउनेछ।

(२) केन्द्रले संघ, प्रदेश र यस गाउँपालिकाबाट प्राप्त गरेको स्रोत साधानको परिचालन गरी अनुसूचि ३ मा उल्लेख भए बमोजिमको सामुदायिक कृषि प्रसार सेवा प्रवाह गर्नेछ।

(३) केन्द्र बहुल सेवा आवश्यक पर्ने कृषक सदस्यहरुको सम्पर्क थलोको रुपमा रहनेछ।

(४) सूचीकृत भएका सेवा प्रदायकहरुमार्फत कृषकको माग अनुसार अनुसूची ४ बमोजिम सेवा प्रवाह गर्नु केन्द्रको दायित्व हुनेछ।

(५) केन्द्रले अनुसूची २ मा सूचिकृत सेवा प्रदायकहरु परिचालन गरी संघ, प्रदेश र पालिकाबाट उपलब्ध गराईएको अनुदानित कृषि सामाग्री र सेवाहरु (भौचर सहित) प्रवाह गर्नेछ।

(६) यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएता पनि सेवा शुल्क प्राप्त गर्न नपाउने गरी अनुसूची ३ बमोजिमको सामुदायिक सेवा प्रदान गर्न केन्द्र वा सेवा प्रदायकलाई बाध्य पारिने छैन। तर संघ, प्रदेश र पालिकाबाट स्रोत साधान उपलब्ध भएको खण्डमा अनुसूची ३ बमोजिम तोकिएको सामुदायिक सेवा प्रवाह गर्नु केन्द्रको दायित्व हुनेछ।

**६.जनशक्ति व्यवस्था र परिचालनः** केन्द्रलाई आवश्यक पर्ने कर्मचारीको व्यवस्था र परिचालन देहाय बमोजिम हुनेछः

(१) केन्द्रको लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी गाउँपालिकाको कृषि र पशु शाखाले सेवा सम्बन्धि कार्यको संचालन, रेखदेख, अनुगमन र सुपरिवेक्षण तथा आवश्यक नियमित प्राविधिक सेवा प्रदान गर्न शाखाबाट कर्मचारीको व्यवस्थापन गर्नुपर्नेछ।

**७. गाउँपालिका मार्फत केन्द्रलाई उपलब्ध हुने सहयोगहरुः** सेवा केन्द्रको स्थापना, संचालन तथा व्यवस्थापन कार्यमा सघाउ पुर्याउन गाउँपालिकाको तर्फबाट अनुसूची ५ बमोजिमको सहयोग र सहजीकरण गर्न सक्नेछ।

## परिच्छेद-३

## काम,कर्तव्य र अधिकारः

**(८) गाउँपालिकाको भुमिका र दायित्वः** कृषि तथा पशु सेवा केन्द्रको स्थापना/सञ्चालन र नियमन सम्बन्धमा पालिकाको भुमिका र दायित्व देहय बमोजिम हुनेछ;

(१) गाउँपालिकाले सेवा केन्द्र स्थापना गर्न सहयोग उपलब्ध गराउनेछ।

(२) गाउँपालिकाले दिगोरुपले सेवा केन्द्र संचालन गर्न कृषि तथा पशुपंन्छी शाखा मार्फत क्षमता विकास एवं आवश्यक सहजिकरण गर्नेछ।

(३) गाउँ क्षेत्रभित्र स्थापित कृषि सेवा केन्द्रहरुको संचालन तथा नियमन गर्ने सन्दर्भमा कृषि विकास शाखाले सहजिकरण गर्नुका साथै सचिवलयको भुमिका निर्वाह गर्नेछ।

(४) गाउँपालिका आफैले वा कुनै निकायबाट केन्द्रको दैनिक कार्य संचालनका लागि आवश्यक पर्ने भवन/जमिनको उपलब्धता गराउन सहयोग गर्नेछ।

(५) गाउँपालिकाले केन्द्रबाट प्रवाह हुने सेवा एवं कृषि सामाग्रीको गुणस्तर नियमन गर्नेछ।

(६) गाउँपालिकाले केन्द्रको क्षमताले भ्याएसम्म वडा तहमा सञ्चालन हुने कृषि प्रविधि प्रसारको कार्य केन्द्रको संलग्नता वा समन्वयमा सञ्चालन गर्नेछ।

(७) गाउँपालिकाले केन्द्र मार्फत अनुसूचि ३ बमोजिमको कार्यसम्पादनको लागि स्रोत साधनको व्यवस्था गर्न सक्नेछ।

(८) गाउँपालिकाको कृषि तथा पशु शाखा केन्द्रको संरक्षणको रुपमा रहनेछन र यस कार्यविधि बमोजिम निर्णय प्रकृयामा सहजिकरण गर्नेछन।

(९) गाउँपालिकाले वडा तहको कृषि नीति, योजना, तथ्यांक सम्बन्धी पृष्टपोषणको लागि केन्द्रको परिचालन गर्न सक्नेछ।

(१०) कृषि अनुसन्धनमा संलग्न निकायहरु लगायत अन्य सम्बन्धित निकायहरु सँग समन्वय गर्न पालिकाले केन्द्रलाई आवश्यक सहजिकरण गर्नेछ।

(११) गाउँपालिकाले कृषि र पशुसेवा शाखा मार्फत कृषि तथा पशु सेवा केन्द्रलाई आवश्यक प्राविधिक सहयोग गर्नेछ।

(१२) गाउँपालिकाले कृषि सेवा केन्द्रवाट गुणस्तरीय, प्रभावकारी र पारदर्शी सेवा प्रवाह भएको/नभएको अनुगमन तथा नियमन गर्नेछ।

(१३) केन्द्रको दिगो विकासमा साझेदारी गर्न ईच्छुक संघ, संस्थाहरुसँग गाउँपालिकाले आवश्यक समन्वय सहकार्य गर्नेछ।

(१४) गाउँपालिकाले एउटै प्रकृतिको कार्यको लागि कूनैपनि तह वा निकायबाट केन्द्रलाई हुने सहयोगमा दोहोरोपना हुन नदिन यस सम्बन्धी अभिलेख राख्ने र अनुगमन तथा सिफरीस गर्ने कार्य गर्नेछ ।

(१५) गाउँपालिकाले प्रदेश मन्त्रालय अन्तर्गतका प्रदेश स्तर वा जिल्ला स्तर निकायहरुसँग समन्वय गरी केन्द्रको विकासमा साझेदारीको लागि स्रोत जुटाउन आवश्यक भूमिका निर्वाह गर्नेछ।

(१६) गाउँपालिकाले नेपाल सरकार, मन्त्रालय मातहतका निकायवाट केन्द्रको विकासको लागि प्राप्त हुने स्रोत साधानको प्रभावकारी परिचालनमा समन्वयकारी भूमिका निर्वाह गर्नेछ।

## परिच्छेद-४

### (९) अनुगमन तथा मुल्याङ्कनः

(१) गाउँपालिकाको कृषि तथा पशु शाखाले केन्द्रको उपलब्धी तथा प्रभावकारिता मूल्याङ्कन गर्नेछ।

(२) सामान्यतय वडाध्यक्षले गाउँपालिकाको प्रतिनिधिको रुपमा समेत केन्द्रको अनुगमन तथा सुपरिवेक्षण गर्न सकिनेछ।

(३) केन्द्रको प्रतिफल उपलब्धी तथा प्रभावकारिता तथा मुल्याङ्कनका न्यूनतम आधारहरु अनुसूची ६ मा उल्लेख भए बमोजिम हुनेछ।

(४) गाउँपालिकाले कृषि तथा पशुसेवा शाखा मार्फत केन्द्रबाट प्रवाह हुने सेवाको गुणस्तरको मापन गर्न अनुसूची ७ बमोजिमको ढाँचाको आधारमा गर्ने गराउने व्यवस्था मिलाउने छ।

## परिच्छेद-५

## विविध

(१०) **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख नभएको कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

(११) **बाधा अडकाउ फुकाउः** यस कार्यविधि कार्यन्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सोको निवारण कार्यापलिकाले गर्नेछ।

(१२) **संसोधन तथा खारेजीः** यो कार्यविधि गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ।

**अनुसूची १**

दफा ४ को उपदफा ५ सँग सम्बन्धित

कृषक सदस्यहरुको अभिलेख

पालिकाको नामः वडा नं.:

| क्र.सं. | कृषक को नाम थर | लिङ्ग | गाउँ/टोल को नाम | खेति गरेको जमिनको क्षे.(रो.) | मुख्य पशु चौपाय/संख्या | मुख्य खेति/पशुपालन गरेको बाली/वस्तु | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# अनुसूची २

## दफा ४ को उपदफा ५ सँग सम्बन्धित

## सेवा प्रदायकहरुको अभिलेख

पालिकाको नाम :                                                                 वडा नं.

| क्र. सं. | सेवा प्रदायक को नाम थर | लिङ्ग | गाउँ/ टोलको नाम | शैक्षिक योग्यता | तालिम | फर्म दर्ता भएको भए सोकोनाम | सेवा को प्रकार | सेवा सम्बन्धी विस्तृत विवरण | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची ३

### दफा ५ को उपदफा २ सँग सम्बन्धित

### केन्द्रबाट प्रवाह हुने सामुदायिक कृषि प्रसार सेवा

(१) कृषि वाली वस्तु, पशुपंन्छी र माछाको नयाँ जात/नश्लहरुको परिक्षण तथा प्रदर्शन

(२) कृषि वाली वस्तु पशुपंन्छी र माछा उत्पादन सँग सम्बन्धित आधुनिक प्रविधिको परिक्षण तथा प्रदर्शन

(३) कृषि वाली वस्तु, पशुपंन्छी र माछा उत्पादनसँग सम्बन्धी सहभागितात्मक परीक्षण/अनुसन्धान

(४) एकीकृत बाली, शत्रुजीव व्यवस्थापन, खाद्यतत्व पाठशाला तथा कृषि व्यवसाय, बीउ उत्पादन, पोषण, व्यवसायिक सञ्चालन

(५) आधुनिक खेति तथा कार्यबोझ न्यूनिकरण गर्ने कृषि औजार उपकरणहरुको परीक्षण तथा प्रदर्शन

(६) कृषि वाली वस्तु, पशुपंन्छी र माछा सम्बन्धी समूहिक तालिम

(७) कृषक समुह तथा कृषि सहकारी संस्था गठन/ पुनर्गठनका लागि सहजिकरण एवं क्षमता विकास

(८) संघ, प्रदेश र स्थानीय तहबाट कृषकहरुलाई लक्षित गरी सञ्चालन गरेका कार्यक्रमहरुको प्रचार प्रसार

(९) सामुदायिक कृषि वजार स्थापना

(१०) सामुदायिक कृषि वजार सूचना प्रणालीको स्थापना

(११) कृषि तथा कृषि बजार सम्बन्धी अध्ययन/सर्वेक्षण

(१२) रैथाने वाली तथा पशुपंन्छीको संरक्षण ।

## अनुसूची ४

दफा ५ को उपदफा ४ सँग सम्बन्धित

केन्द्रबाट प्रवाह हुने व्यावसायिक कृषि प्रसार सेवा

(१) कृषकको मागमा आधारित कृषि सामाग्रीको आपुर्ति तथा परामर्श (भाडामा कृषि यन्त्र उपकरण उपलब्ध गराउने समेत)
(२) बीउ, वेर्ना, नश्लको उत्पादन नर्सरी तथा स्रोत केन्द्र
(३) व्यावसायिक योजना निर्माणको लागि स्रोत व्यक्तिको उपलब्धता
(४) वित्तिय सेवाका लागि सहजिकरण
(५) विभिन्न कृषि सम्बन्धी पाठशाला तथा तालिकको लागि स्रोत व्यक्तिको उपलब्धता
(६) आधुनिक कृषि प्रविधि एवं व्यवसाय परामर्श
(७) पशुपंन्छी तथा माछा उपचार खोप तथा भ्याक्सिनेशन
(८) पशुवस्तुमा कृतिम गर्भधान
(९) बालीनालीको उत्पादनमा आवश्यक पर्ने विशेषज्ञ/विशिष्ट सेवा तथा परामर्श, जस्तैः काँटछाट बालीरोग पहिचान एवं वाली उपचार, रासायनिक तथा जैविक विषादी छर्कने, थोपा सिँचाई लगायत नवीन सिँचाई प्रविधिको जडान प्लाष्टिक घर/टनेल जडान, वानस्पतिक प्रजनन्, बीउ उत्पादन, भण्डारण, उत्पादनोपरान्त क्षति न्यूनिकरण, घरायसी प्रशोधन आदि।
(१०) कृषि वालीवस्तु पशुपंन्छी र माछाको रोग तथा कीराको निदान प्रयोगशाला सेवा
(११) माटो परीक्षण प्रयोगशाला सेवा
(१२) कृषि यन्त्र तथा उपकरण सञ्चालन परामर्श एवं मर्मत सेवा
(१३) व्यावसायिक तथा वित्तिय साक्षरता/परामर्श
(१४) बाली तथा पशुपंन्छी बीमा अभिकर्ता एवं सहजिकरण
(१५) कृषि उपजहरु संकलन, ढुवानी र बजारीकरण सम्बन्धी सहजिकरण सेवा
(१६) कृषि उपज भण्डारण सेवा (चिस्यान तथा भण्डारण केन्द्रहरु सन्चालकहरु मार्फत)

## अनुसूची ५

दफा ७ सँग सम्बन्धित

गाउँपालिका मार्फत केन्द्रलाई उपलब्ध हुने सहयोग

(१) केन्द्रको स्थापनाको लागि प्रारम्भिक (गठन तथा परिचालन) प्रकृयमा सहजिकरण

(२) कृषक र सेवा प्रदायक बीच समन्वय गरी सेवा प्रवाहमा सहजिकरण गर्न र केन्द्रको व्यवस्थापनमा सघाउन निश्चित समयको लागि कृषि प्राविधिकको उपलब्धता

(३) कृषि प्राविधिक परिचालन सम्बन्धी कार्यको सहजिकरण

(४) कार्यालय व्यवस्थापन न्यूनतम सहयोग (मिनिमम् लजिष्टिक)

(५) कृषकहरुबाट माग भएको/हुने सेवाको आँकलन गर्न सहयोग

(६) सेवा प्रदायकको नक्शांकन तथा क्षमता आँकलन गर्न सहयोग

(७) बार्षिक तथा आवधिक योजना एवं व्यवसायिक योजना तयारी तथा कार्यन्वयनमा सहजिकरण

(८) कार्यविधि अनुरुप हुने गरी सेवा प्रदायकको विकासमा सहयोग

(९) प्राविधिक एवं व्यवस्थापकीय क्षमता विकास

(१०) विधान एवं कार्य सञ्चालन प्रकृया तयारीमा सहजिकरण

(११) अनुगमन तथा मूल्याङ्कन कार्यमा सहजिकरण

(१२) सूचना व्यवस्थापन प्रणाली स्थापना।

## अनुसूची ६

दफा ९ को उपदफा ३ सँग सम्बन्धित

## केन्द्रको प्रतिफल उपलब्धि तथा प्रभावकारिता मूल्याङ्कनका न्यूनतम आधारहरु

### १) प्रतिफल मूल्याङ्कनका न्यूनतम आधारहरुः

| क्र.स. | आधारहरु | सूचक | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषक सदस्यहरुको सदस्यता विस्तार | सङ्ख्या | केन्द्रको अभिलेख | |
| २ | कृषि प्रसार सेवा (अनुसूची ३ बमोजिम) को विस्तार | वडा भित्र सेवा प्राप्त गर्ने कृषक घरधुरीको प्रतिशत | केन्द्रको सर्वेक्षण | |
| ३ | कृषि सेवा प्रदायकको विस्तार | सङ्ख्या | केन्द्रको अभिलेख | |
| ४ | कृषि सेवा प्रदायकबाट (अनुसूची ४ बमोजिम) को सेवामा विस्तार | वडा भित्र सेवा प्राप्त गर्ने कृषक घरधुरीको प्रतिशत | सेवा प्रदायकको प्रतिवेदन | |

### २) उपलब्धि तथा प्रभाव मूल्याङ्कनका न्यूनतम आधारहरुः

| क्र.स. | आधारहरु | सूचक | सूचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | वडाका प्रमुख बालीको उत्पादकत्व | उत्पादकत्व मे. टन/हेक्टर | स्थानीय तहबाट सर्वेक्षण हुने | बाली वस्तुहरु वडाले निर्धारण गर्ने |
| २ | वडाका प्रमुख बालीको उत्पादन वृद्धि | उत्पादन मे.टन | | |
| ३ | वडाका कृषकहरुको आम्दानी वृद्धि | रु/घरपरिवार | | |
| ४ | वडाका सेवा प्रदायकको आम्दानी वृद्धि | रु/सेवा प्रदायक | | |
| ५ | वडा भित्र कृषि क्षेत्रमा रोजगारी श्रृजना | रोजगारी श्रृजना सङ्ख्या | | |
| ६ | वडा भित्रका कृषकहरुको कृषि प्रसार सेवा प्रतिको सन्तुष्टि | सन्तुष्ट हुने कृषकको प्रतिशत | | |

## अनुसूची ७

दफा ९ को उपदफा ४ सँग सम्बन्धित

## केन्द्रबाट प्रवाह हुने कृषि प्रसार सेवाको गुणस्तर निर्धारण सम्बन्धी मापदण्डको ढाँचा

| क्र.स. | मापनका सूचकहरु | स्तर |
|---|---|---|
| १. | सेवा प्रवाहको लागि स्थापित सहायता कक्षमा रहेका आधारभूत सुविधा तथा उपकरणहरु(कम्प्युटर, प्रिन्टर, टेलिफोन, ईन्टरनेट, बस्ने ठाँउ आदि) को उपलब्धता र प्रयोग | |
| २. | सेवा प्रवाहका लागि आवश्यक पर्ने कृषि प्रसार सम्बन्धी जानकारीमुलक सामाग्री तथा सूचना (लिफलेट, पोस्टर आदि) को उपलब्धता र प्रयोग | |
| ३. | सेवा प्रवाहमा आत्मनिर्भरता | |
| ४. | कृषि सामाग्री औजार उपकरणको आपूर्ती तोकिएको समयमा गर्न सक्ने र प्राविधिक सेवा उपलब्ध गराउन सक्ने क्षमता | |
| ५. | कृषि सामाग्री औजार उपकरण र प्राविधिक सेवाको गुणस्तर | |
| ६. | कृषक र सेवा प्रदायकको अभिलेख व्यवस्थित रुपमा तयार गरी अध्यावधिक गरेको अवस्था | |
| ७. | कर्मचारीले केन्द्रबाट प्रवाह हुने कृषि प्रसार सेवा सम्बन्धी कृयाकलाप बारे कृषकहरुलाई समयमा जानकारी गराएको | |
| ८. | कृषकहरुलाई मागमा आधारित सेवा उपलब्ध गराउन केन्द्र अन्तर्गतका कर्मचारी र सेवा प्रदायकको तत्परता | |
| ९. | सेवाग्राही कृषकको चाहाना र आवश्यकता अनुसारको सेवा प्रवाहमा लचकता | |
| १०. | सेवा प्राप्त गर्ने कुरामा कृषकको विश्वास र ढुक्कता | |
| ११. | सेवा प्रदायकको परिचालनको अवस्था र प्राविधिक दक्षता | |
| १२. | सेवा प्रवाहमा निष्पक्षता र पारदर्शिता | |
| १३. | सेवा प्रवाहका लागि अनुकुल समय र स्थान | |
| १४. | सेवा संचालनका लागि आवश्यक पर्ने पूर्वाधारको व्यवस्था | |

| | | |
|---|---|---|
| १५. | व्यावसायिक योजनाको निर्माण तथा कार्यान्वयनको अवस्था | |
| १६. | सेवामा लैंगिक तथा सामाजिक समावेशीकरणो अवस्था | |
| १७. | निर्णय प्रक्रिया र निर्णयको कार्यान्वयनको अवस्था | |